Society of Otolaryngologists of Nepal

# जनरल एनेस्थिसियाको सुसूचित मञ्जुरीनामा — General Anaesthesia

यस मञ्जुरनामाको उद्देश्य साक्षीको उपस्थितिमा तल उल्लेखित बिरामीको अवस्था सुसुचित गरी गराई शल्यक्रियाको आवश्यकता र जटिलता बारेमा जानकारी दिई शल्यक्रियाको अनुमति प्राप्त गर्नु हो। यो मञ्जुरनामा, यस विषयको आपसी गहन छलफल र शल्यक्रियाको विस्तृत सुचना सम्प्रेषण को लिखित दस्तावेज हो। यस दस्तावेजको उद्देश्य उपचारार्थ उपस्थित व्यक्ति र निजका अभिभावकलाई यस प्रकृयाबारे विचार गर्न तथा मनका दुविधा र संशय सोधपुछबाट निराकरण गरी आफ्नो निर्णयमा पुग्न मद्धत गर्नु रहेको छ।

बिरामीको नाम (Name) ............................................ उमेर/लिङ्ग (Age/Sex) ....................................

सम्भावित रोग (Diagnosis) ............................................ शल्यचिकित्सा तोकिएको मिति (Date of Surgery) ....................

शल्यचिकित्साको नाम (Surgery) ............................................ अनुमानित अस्पताल बसाई (Expected Hospital Stay) ..................


शल्यचिकित्सक वा टोली (Surgeon or Team) ............................................ शल्यचिकित्सा प्रकारः आकस्मिक (Emergengy)/नियमित (Elective)

शल्यचिकित्सा केन्द्र (Hospital) ..........................................................................................

मञ्जुरीनामा विस्तृत रुपमा बुझाउने डाक्टरको नाम (Name of Doctor) ..........................................................

## जनरल एनेस्थिसिया सम्बन्धी सामान्य जानकारी

जनरल एनेस्थिसिया (GA) एक यस्तो विधी हो जसमा औषधीको समिश्रणले शल्यक्रियाको बेला बिरामीलाई बेहोश र दुखाइ महसुस नहुने अवस्थामा राखिन्छ। यो विधीमा रगतको नसाबाट वा सुँघ्ने माध्यमबाट औषधी दिइन्छ। सुँघ्ने औषधी मास्कद्वारा वा घाँटीमा पाइप (Endotracheal tube) राखेर दिइन्छ र होशमा आएपछि मास्क वा घाँटीमा राखिएको पाइप हटाइन्छ।




## जनरल एनेस्थिसियाको अनुमानित जटिलता

### साधारण जटिलता

- वाकवाकी आउनु, उल्टी हुनु
- टाउको दुख्नु
- सुई लगाएको ठाँउमा दुख्नु
- घाँटीमा पाईप राख्दा मुख, दाँत, बंगारामा चोट लाग्नु
- घाँटी दुख्नु र खसखस हुनु
- हल्का रिँगटा लाग्नु
- पिसाव राम्रो सँग नहुनु (प्रायः जसो २४ घण्टा सम्म)
- काम्नु
- रक्तचापमा असमानता हुनु

### कहिलेकाँही हुने जटिलता

- स्वाश-प्रश्वासमा समस्या हुनु, फोक्सोमा संक्रमण हुनु
- एलर्जी हुनु
- जीउ दुख्नु
- हातखुट्टा झमझम गर्नु
- स्वर हल्का परिवर्तन हुनु
- सघन उपचार कक्षमा (ICU) राख्नु पर्ने हुनु

### दुर्लभ जटिलता

- गम्भीर एलर्जी (Anaphylaxis)
- मस्तिष्कज्वोर (Meningitis)/मस्तिष्कघात (Stroke) हुनु
- हनहनी ज्वरो आउनु
- नसामा रगत जम्नु
- अचानक मृत्यु हुनु (अति दुर्लभ)

* यस विषयमा विस्तृत रुपले आफ्नो एनेस्थिसिया चिकित्सकसँग परामर्श लिनसक्नु हुन्छ।

अघिल्लो पानामा उल्लेखित जटिलता भएमा कसरी थप उपचार गरिन्छ भनेर मैले बुझेको छु । ती उल्लेखित बाहेक पनि स्वास्थ्य उपचारको क्रममा कुनै कारणबस वा भवितव्य परेर अन्य जटिलता आउन सक्छन् । कहिलेकाँही बिरामीको स्थितिले त कहिले रोगको जटिलताले गर्दा शल्यक्रिया पूरा गर्न सकिंदैन र बिचमा शल्यक्रिया रोक्नु पर्ने पनि हुनसक्छ । यी बाहेक मेरा/हाम्रो बिरामीमा तल उल्लेखित केही विशेष जोखिमयुक्त अवस्था पनि रहेको छ/छैन । यस्ता विशेष जोखिमयुक्त अवस्थाले शल्यक्रियामा थप जटिलता आउन सक्ने सम्भावना रहेको कुरा पनि बुझेको छु/छौ ।

- नवजातशिशु वा ३ वर्ष मुनिका बालक
- वृद्धावस्था (६० वर्ष माथि)
- उच्च रक्तचाप
- मघुमेह (Diabetes)
- मुटुको समस्या
- दम/खोकि, वा छाती/फोक्सो को दीर्घकालीन रोग
- मृगौलाको समस्या
- एलर्जी (Allergy)
- कमलपित्त, जण्डिस (Hepatitis/Jaundice)
- धुम्रपान
- मद्यपान
- गर्भावस्था
- रगत बग्ने व्यथा (Bleeding disorder)
- मोटोपना
- घुर्ने वा एप्निया (Apnoea)
- छारे रोग (Seizure Disorder)
- अपांग अवस्था
- जन्मजात विसंगति (Congenital anomalies)
- अन्य ........................................................
  ........................................................

म/हामी लाई माथी उल्लेखित जनरल एनेस्थिसियाको बारेमा चित्त बुझ्दो रुपमा बताईएको छ । यस प्रकृयाबाट हुने लाभ, परिणाम र सम्भावित जटिलताबारे अवगत गराईएको छ । म/हामी लाई जनरल एनेस्थिसियाका बाहेक उपचारका अन्य विकल्प तथा ती विकल्पका फाइदा र बेफाइदाबारे पनि बताइएको छ । मैले/हामीले सम्पूर्ण विकल्पमा सोचविचार गरी जनरल एनेस्थिसिया रोज्ने निर्णय गरे/गर्‍यौं । जनरल एनेस्थिसियाको प्रकृयाको दौरान अनुमान नगरिएको परिस्थिति सृजना हुन गएमा बिरामीको स्वास्थ्यलाई फाइदा पुर्‍याउन सम्बन्धित चिकित्सकले तत्काल लिएको निर्णयमा मेरा/हाम्रो सहमति रहने छ । यो मञ्जुरनामा मैले/हामीले बिना कुनै पुर्वाग्रह, डर र दबाबमा दिएको छु/दिएका छौ । कुनै कारणबस वा भवितव्य परी बिरामीलाई केही भईहालेमा शल्यचिकित्सक, नर्स, अन्य प्राविधिक टोली र सो अस्पताललाई दोष दिने छैन र तत्पश्चात् उत्पन्न जटिलता समाधान गर्न उपचारार्थ खटिएको टोलीलाई सहयोग गर्नेछु/गर्नेछौ ।

बिरामीको नामः ..................................................................
उमेर/लिङ्ग ................................
ठेगानाः ..................................................................
फोन नं.: ......................................इमेलः.............................
सहीः.................................
मितिः ..............................

| | |
|---|---|
| | |
| दाँया | बाँया |

मञ्जुरनामा दिने व्यक्तिको नामः ...................................................
उमेर/लिङ्ग ..................
बिरामीसंगको नाताः ..................................................................
ठेगानाः ..................................................................
फोन नं.: .....................................इमेलः...................................
सहीः....................................
मितिः ................................

| | |
|---|---|
| | |
| दाँया | बाँया |

साक्षीको नामः .................................................................................................. उमेर/लिङ्गः ......................................
ठेगानाः .........................................................फोन नं : ……………………………….......इमेलः ……………………………
मितिः .......................................................सहीः ……………………..………………………

*१८ वर्ष भन्दा साना बिरामीको मञ्जुरनामा निजको अभिभावकले दिनु पर्छ ।

- शल्यक्रियाको जटिलताबारेमा सम्बन्धित चिकित्सकसँग परामर्श गर्नुहोस् ।
- शल्यचिकित्सा पछि घरमा गरिने हेरचाह शल्यचिकित्साको राम्रो नतिजाकोलागी जरुरी छ ।
- यो पत्र राम्ररी पढ्नु होस्, केहीप्रश्न छ भने सोध्नुहोस् र मनको दुविधा हटाई निर्णय गर्नुहोस् ।